

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २८ गते आइतबार ❑ 13 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## पोखराका ट्याक्सी मिटरमा चल्न तयार

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

पोखराका ट्याक्सी चालक मिटरमा हिँड्न तयार भएका छन् ।

गण्डकी प्रदेश सरकारले दुई वर्षअघि समायोजन गरेको भाडादर अनुसार ट्याक्सी मिटरमा गुड्ने भएका हुन् । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयद्वारा शनिबार यहाँ आयोजित अन्तरक्रिया कार्यक्रममा चालकले पोखरा उपत्यकाभित्र मिटरमा हिँड्ने प्रतिबद्धता जनाए ।

विसं २०७८ फागुन १ गतेदेखि लागू हुने गरी प्रदेश सरकारले भाडादर समायोजन गरेपनि पोखराका ट्याक्सी मिटरमा चलेका थिएनन् । ट्याक्सीले मनपरी भाडा लिने गरेको भन्दै जनगुनासो उठ्दै आइरहेको थियो । यातायात मन्त्री रेशमबहादुर जुग्जालीसहित सरोकार भएका पक्षसँगको अन्तरक्रियामा पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष प्रकाशमणि तिवारीले आफूहरु मिटरमा हिँड्न तयार रहेको बताउनुभयो ।

"विगतमा सरकार र व्यवसायीबीच भएको सहमति पालना गरेर जान हामी तयार छौँ, ट्याक्सी व्यवसायीको मर्का पनि सरकारले बुझिदिनुपर्‍यो", उहाँले भन्नुभयो, "महँगीका आधारमा भाडादर समायोजन हुनुपर्छ, स्वचालित भाडादर कायम हुनुपर्छ ।" ट्याक्सी व्यवसायीलाई मात्र दोष थोपर्ने गरिएको भन्दै इन्धनको



मूल्यमा आइरहने उतारचढाव, बढ्दो महँगी जस्ता कारणले मिटर प्रणालीमा समस्या आउने गरेको अध्यक्ष तिवारीले उल्लेख गर्नुभयो । "इन्धनको भाउ घटबढ हुँदा पनि स्वचालित रुपमा भाडादर कायम हुने व्यवस्था प्रदेश सरकारले गर्नुपर्छ, पटकेलगायत यातायातका सेवालाई अनलाइन प्रणालीमा लैजान सकेमा व्यवसायीलाई राहत पुग्छ", उहाँले भन्नुभयो, "एउटा प्रयोजनका लागि दर्ता भएको सवारीसाधन अर्कै काममा प्रयोग भइरहेको छ, रातो प्लेटका गाडीले पनि यात्रु बोकिरहेका छन्, यसलाई कडाइका साथ रोक्नुपर्छ ।" दुई वर्षअघि समायोजन गरेको भाडादर अनुसार १५ किमिको यात्रामा चढ्नासाथ (फ्ल्याग डाउन) रु. ८० र त्यपछि प्रति दुई सय मिटरको १० रुपैयाँ तोकिएको छ । १५ किमि भन्दा बढीको दुरीमा प्रति किमि रु. ३७ रुपैयाँ ५० पैसा कायम गरिएको थियो । मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख टीकाराम पौडेलले विगतमा प्रतिबद्धता गरेको विषयलाई ट्याक्सी व्यवसायीले लागू गर्नुपर्ने बताउनुभयो । "एक हप्ताभित्रमा पोखरा उपत्यकामा गुड्ने ट्याक्सी मिटरमा गुड्छन्, मिटर प्रणालीमा नचलेको पाइएमा कारबाही हुन्छ, ट्राफिक प्रहरीले नियमित अनुगमन गर्छ, मन्त्रालयबाट पनि यसको नियमन गर्छौं", उहाँले भन्नुभयो, "ट्याक्सी मिटरमा नहिँड्दा यात्रु ठगिइरहेको गुनासो आइरहेको छ, मनलाग्दी भाडा लिने प्रवृत्तिको अन्त्य हुनुपर्छ ।" प्रदेश सरकार र ट्याक्सी व्यवसायीबीच भाडा समायोजनलगायत विषयमा भएका कतिपय समझदारी अझै कार्यान्वयन हुन नसकेको महाशाखा प्रमुख पौडेलले बताउनुभयो । उक्त प्रतिबद्धतापत्रमा भाडा तिरेको बिल दिनुपर्ने, ट्याक्सीमा जीपीएस जडा गर्नुपर्ने, चालकको छुट्टै पोसाक हुनुपर्नेलगायत उल्लेख छ । तर, यी कुनै पनि शर्त ट्याक्सीले व्यवसायीले लागू गर्न सकेका छैनन् ।

यातायातमन्त्री जुग्जालीले ट्याक्सीलाई तुरुन्त मिटर प्रणालीमा चलाउन यातायात व्यवसायीसमक्ष आग्रह गर्नुभयो । "विगतको समझदारी पालना गर्नुस्, मिटरमा नचल्ने ट्याक्सी चालकलाई अब हामी कारबाही गर्छौं", उहाँले भन्नुभयो, "स्वचालित भाडादर पनि लागू हुन्छ, व्यवसायीलाई मर्का पर्ने देखिएमा पुनः भाडा समायोजन गर्न सकिन्छ ।"

उहाँले ट्याक्सी व्यवसायमा देखिएको रुट परमिटको समस्या हल गर्न मन्त्रालयले गृहकार्य गरिरहेको बताउनुभयो । दुई वटा जिल्लाको मात्र रुट परमिट हुँदा प्रदेशभित्रै एक ठाउँबाट अर्का ठाउँमा जाँदा पटके तिर्नुपर्नेलगायत झन्झट व्यहोर्न ट्याक्सी चालक बाध्य छन् । गोरखा मनकामना यातायात सेवा प्रालिका अध्यक्ष सुरेन लामिछानेले सरकारले प्रदेशभित्र एउटै परमिट लागू गर्नुपर्ने बताउनुभयो ।

"गोरखाबाट पोखरा आउँदा पनि पटके काट्नुपर्ने, कर तिर्नुपर्ने बाध्यता छ, यसको अन्त्यका लागि प्रदेशका सबै जिल्लामा निर्बाध चल्नु पाउने गरी रुट परमिट दिनुपर्छ", उहाँले भन्नुभयो, "समथर ठाउँ र सहरी क्षेत्रमा जस्तो पहाडी जिल्लामा मिटरमा ट्याक्सी चलाउन सम्भव नभएपनि वैज्ञानिक भाडादर कायम गर्न हामी तयार छौं ।"

## 'कञ्चन पत्रकारिता पुरस्कार' हुम तमु र सुन्दर थकालीलाई अर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीद्वारा सञ्चालित 'कञ्चन पत्रकारिता पुरस्कार-२०८०' बाट हुमबहादुर तमु (कास्की) र सुन्दरकुमार थकाली (मुस्ताङ) पुरस्कृत भएका छन् ।

फोनिजको २४ औं स्थापना दिवसको अवसरमा आज (शनिबार) पत्रकार द्वयलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे तथा पुरस्कारदाता व्यवसायी विमलमान गुभाजु तथा गुभाजु परिवारले पुरस्कार स्वरुप दोसल्ला, सम्मानपत्रसहित नगद रु २५ हजार अर्पण गरे ।

सो अवसरमा बोल्दै मुख्यमन्त्री पाण्डेले स्वच्छ र स्वतन्त्र रुपमा पत्रकारिता गर्ने वातावरण सिर्जना गर्न स्वयम् पत्रकार नै जिम्मेवार हुनुपर्ने धारणा राखे । उनले पत्रकरिता आफ्नै लयमा बनगेको मुख्यमन्त्री पाण्डेले बताए । 'आज पत्रकरिताको लय बिग्रेको छ । एउटा टिभी र अर्को टिभीमा समाचार हेर्दा फरक फरक सन्देश र सूचना जाने देखिन्छ । यसले समाजलाई दिग्भ्रमित गरेको छ । त्यसैले नियमन हुन आवश्यक छ । र पत्रकार आफै पनि जिम्मेवार र गम्भीर हुनुपर्छ ।'

मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशको आमसञ्चार विधेयक ल्याउने तयारी रहेको बताए । उनले यही आर्थिक वर्षमा सञ्चार विधेयक दर्ता



गर्ने तयारी भएको बताउदै भने, 'मलाई कसैलाई नियमन गर्नु छैन त्यसैले पत्रकार साथीहरुको केही कुरा छलफलबाट पारित भएपछि अगाडी बढ्छ । मेरो एउटै मात्र धेय छ स्वतन्त्रताको नाममा अराजक हुनुभएन ।'

उनले पछिल्लो समय स्वतन्त्रतको नाममा सामाजिक सञ्जालमा अराजकता फैलिएको टिप्पणी गरे । 'सोसल मिडिया स्वतन्त्रताको नाममा अहिले अराजक भएको छ, मुख्यमन्त्री पाण्डेले भने, 'यसले पत्रकारिता स्वनियमन हुनुपर्ने हो तर त्यो भएको देखिएन ।'

उनले व्यक्तिको गुण वा दोषको आधारमा एकतर्फी समाचार संप्रेषण गरेको न्यायोचित नहुने धारणा राखे । 'समाचार संप्रेषण गर्दा सबै पत्रकार गलत छैनन्, सबै पत्रकार सही छैनन् भन्ने बुझे जस्तै सबै राजनीतिज्ञ गलत छैनन् भन्ने पनि हेक्का राख्नुपर्छ ।' उनले भने । यस्तै पुरस्कृत व्यक्ति हुम बहादुर गुरुङले आवश्यकता महसुस भएर पत्रकारितामा लागेको बताए । उनले नेपाल विविधतायुक्त देशमा सम्पूर्ण समुदायको पहुँच स्थापना नभएको कारण सक्रिय पत्रकारितामा लागेको बताउदै पत्रकारिता भित्रै पनि असमानता रहेको धारणा राखे । 'मैले देशमा सबै समुदायको पहुँच समान नदेखेका कारण पत्रकारितामा लागेको हो । तर पत्रकारिता भित्रै पनि असमानता देखिएको छ । जुन राम्रो कुरा होइन,' गुरुङले भने ।

गुरुङले प्राप्त गरेको कञ्चन पत्रकारिता पुरस्कार अहिलेसम्मकै महत्वपूर्ण पुरस्कार रहेको बताए । 'आज मलाई दिनुभएको यो पुरस्कार हेभी छ, उनले भने, 'यसले मलाई पत्रकारितामा थप सत्रिय हुन हौसला दिएको छ । त्यसैले म आजिवन सत्रिय पत्रकारिता गरिरहनेछु ।' उनले फरक प्रसंगमा बोल्दै पत्रकारितालाई स्वच्छ बनाउनका लागि राजनीतिक पार्टी निकट हुनु नहुने धारणा राखेका थिए ।

यसैगरी पुरस्कृत सुन्दर कुमार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राजनीतिमा प्रतिशोध साध्ने प्रवृत्ति राम्रो होइन : नेता कोइराला

**रासस**
काठमाडौं, २७ साउन

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले राजनीतिमा प्रतिशोध साध्ने प्रवृत्ति राम्रो नभएको बताउनुभएको छ । भक्तपुरको कौशलटारमा नेपाली कांग्रेस भक्तपुर क्षेत्र नं २ ले आज यहाँ आयोजना गरेको क्षेत्रीय सभामा उहाँले राजनीतिमा हुने प्रतिशोधले व्यक्ति मात्रै नभई पार्टी र देशलाई नै क्षति पुर्‍याउने बताउनुभयो ।

सुन काण्डका बारेमा बोल्दा सरकारले सांसद सुनिल शर्मामाथि प्रतिशोध साधेको नेता कोइरालाको आरोप थियो । प्रतिशोधको भावना सुरू भए राजनीति नै नरहने र त्यसले व्यक्ति, दल र देशलाई क्षति पुर्‍याउँने उहाँको भनाइ थियो । राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण र अनुसन्धान विभाग प्रधानमन्त्रीको मातहतमा राख्न नहुने नेता कोइरालाले बताउनुभयो । कार्यक्रममा कांग्रेसका बागमती प्रदेश सभापति इन्द्र बानियाँ, केन्द्रीय सदस्य मदनकृष्ण श्रेष्ठ, जिल्ला सभापति एवं प्रतिनिधिसभा सांसद दुर्लभ थापा, बागमती प्रदेशसभा सदस्य सुरेश श्रेष्ठ, चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, कांग्रेस भक्तपुर क्षेत्र नं २ का सभापति ओम श्रेष्ठलगायतले कांग्रेसले जनतासँग भिज्दै विकासको लहर ल्याउनुपर्ने तथा पार्टीलाई एकताबद्ध बनाएर लैजानुपर्नेमा जोड दिनुभयो ।


### दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले:

- ◆ खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- ◆ पानी उमालेर मात्र पिऔं ।
- ◆ उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- ◆ पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ठूला भ्रष्टाचारका सबै मुद्दाको छानबिन हुनुपर्छ : अध्यक्ष डा भट्टराई

**रासस**
काठमाडौं, २७ साउन

नेपाल समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले देशमा भएका भ्रष्टाचारका सबै ठूला मुद्दा उच्चस्तरीय आयोग बनाएर छानबिन गर्नुपर्ने बताउनुभएको छ ।

पार्टीको प्रशिक्षण कार्यक्रममा सहभागी हुन आज सुर्खेत पुग्नुभएका डा भट्टराईले छानबिनका लागि गठन गरिने आयोगमा कार्यकारीको छायाँसमेत पर्न नहुने बताउनुभयो । चर्चामा रहेका सुन काण्ड, नक्कली भुटानी शरणार्थी प्रकरण मात्र नभई पञ्चायतकालदेखिका प्रकरणको आयोगले निष्पक्षरुपमा छानबिन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"घोटलाको निष्पक्ष छानबिन गर्न कार्यकारीको छायाँ नपर्ने गरी आयोग गठन गर्नुपर्छ", डा भट्टराईले सुझाव दिनुभयो । ललिता निवास प्रकरणमा आफूले गलत नगरेको उल्लेख गर्दै उहाँले छानबिनका क्रममा आफू दोषी देखिए सजाय भोग्न तयार रहेको बताउनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# द्वन्द्वपीडितलाई चित्त बुझाएर मात्र शान्ति प्रक्रिया : अध्यक्ष ओली

रासस
काठमाडौं, २७ साउन

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले द्वन्द्वपीडितलाई चित्त बुझाएरमात्र शान्ति प्रक्रिया पूरा गर्नुपर्ने बताउनुभएको छ।

गुरु लुइँटेल अध्ययन तथा विकास केन्द्रले शनिबार यहाँ आयोजना गरेको 'द्वन्द्वपीडितलाई सङ्क्रमणकालीन न्याय कहिले र समृद्ध नेपाल सुखी नेपाली : देश विकासको मार्गचित्र' विषयक अन्तरक्रियामा उहाँले द्वन्द्वपीडितलाई चित्त बुझेको कुरामा कानुन बनाएर शान्ति प्रक्रियालाई टुङ्ग्याउनुपर्नेमा जोड दिनुभयो। उहाँले द्वन्द्वपीडितलाई दबाएर शान्तिप्रक्रिया निष्कर्ष नपुग्ने बताउनुभयो। उहाँले द्वन्द्वपीडितमाथि अन्याय गरेर समस्याको समाधान नहुने भन्दै दमन, अन्याय र थिचोमिचो गरेर शान्तिप्रक्रिया सम्पन्न हुन नसक्ने भनाइ राख्नुभयो। "मैले न्याय पाएँ भनेर द्वन्द्वपीडितले भन्नुपर्‍यो," उहाँले भन्नुभयो, "द्वन्द्वपीडितमाथि अन्याय गरेर समस्याको समाधान हुँदैन ।" अध्यक्ष ओलीले अब फेरि द्वन्द्व नहोस् भन्नका लागि द्वन्द्वपीडितको समस्यालाई सम्बोधन गरेर कसरी अगाडि बढ्न सकिन्छ भन्नेमा सबैको ध्यान जान जरुरी रहेको भनाइ राख्नुभयो। उहाँले करकाप र दबाबबाट मेलमिलाप हुन नसक्ने बताउनुभयो। "स्वेच्छाले मेलमिलाप गर्न पाउनुपर्दछ। स्वेच्छाले मेलमिलाप गर्ने वातावरण बनाउनुपर्दछ," उहाँले भन्नुभयो, "पीडितलाई राहत र न्याय दिनुपर्दछ। अहिलेसम्म कोही मारिँदा तत्काल क्षतिपूर्ति भएको छ। कोही मारिँदा भएको छैन ।" शान्ति प्रक्रिया पीडितलाई चित्त बुझ्ने, पीडितले न्याय पाउने खालको, सर्वोच्च अदालतको फैसला अनुकूल र अन्तर्राष्ट्रिय समुदायलाई चित्त बुझ्नेगरी हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "कि हामी आफैँ समाधान गरौँ, हाम्रो समस्या। पहिले हाम्रो कानुन, हाम्रो अदालत, हाम्रो संविधान र हाम्रो सरकार, हाम्रो समुदाय सक्षम छ भन्ने कुरा प्रमाणित गर्नका लागि सरकारले त्यसअनुसार चल्नुपर्दछ। त्यसका निम्ति सिफारिस समिति निष्पक्ष बनाउनुपर्‍यो ।" उहाँले सत्य निरुपण तथा मेलमिलाप आयोग निष्पक्ष न्याय दिन नसकेको भन्दै आयोग निष्पक्ष न्यायाधीश, मानवअधिकारीकर्मी राखेर बनाउनुपर्नेमा जोड दिनुभयो। अध्यक्ष ओलीले शान्ति भएमात्र विकास हुने भन्दै बिना शान्ति विकास सम्भव नुहने बताउनुभयो। उहाँले विकासका लागि शान्ति पूर्वसर्त रहेको भन्दै शान्तिको तर्फ र द्वन्द्वका घाउ कसरी मेटाउन सकिन्छ भन्नेतर्फ सबैको प्रयास हुनुपर्नेमा बताउनुभयो।

# म अब कुनै पदमा चुनाब लड्दिन : सभापति खाँण

पोखरापत्र संवाददाता
वालिङ, २७ साउन




नेपाली काँग्रेस स्याङ्जा संघिय निर्वाचन क्षेत्र नम्वर २ का सभापति दिलिपप्रताप खाँणले आ आफु कुनै पनि पदमा चुनाव नलड्ने बताएका छन्।

नेपाली काँग्रेसको बिशेष आन्तरिक अभियान कार्यक्रम अन्तर्गत संयुक्त बैठकमा सभापति खाँणले अब आफु कुनै पनि पदमा चुनाव नलड्ने बताएका हुन्। कार्यक्रमको सभापति समेत रहेका खाँणले बैठक समापन गर्दै अहिले सम्म २९ औं पटक चुनाव लडे पराजित भएको थिइन् उनले भने,'३० औं पटक २०७९ को स्थानीय तहको निर्वाचनमा नगर प्रमुखमा पराजित भए।' एकपटक पराजित भएपछि जनताले चुनाव लड्न हुदैन भन्ने संकेत दिएकाले चुनाव नलड्ने प्रतिज्ञा गरेको छु उनले उक्त बैठकमा भने।

पार्टीले एक पटक नगर प्रमुख र क्षेत्रीय सभापति बनायो यसैमा आफु खुशी रहेको बताए। अहिले पार्टीको क्षेत्रीय सभापति छु उनले भने,'यो पद पनि विचमै छोड्न नमिल्ने रहेछ, यो कार्यकाल इमान्दारी पुर्वक पुरा गर्छु।' काँग्रेसलाई बलियो बनाउन मेरो तर्फबाट हरदम प्रयास रहने छ उनले भने। अब पाटीको काम गर्नेछु चुनाव लड्दिन खाँणले बैठकमा भने,'जनताले अनुमोदन नगरेपछि चुनाव लड्न पनि हुदैन।' सभापति खाँणले अव चुनाव नलड्ने बताएपछि चुनावमा पराजित हुने व्याक्ति पुन चुनाव लड्नु राम्रो नदेखिने संकेत हो भन्ने सन्देश सहभागीहरुलाई उनले दिएका छन्। खाँणले क्षेत्रिय समितिले धैरै विभागहरु गठन गर्ने काम बाँकी रहेकाले भदौ १० गते भित्र सबै विभाग गठन गर्ने र महासमिति सदस्यको समेत टुङ्गो लाग्ने प्रतिवद्धता व्यक्त गरेका छन्। नेपाली काँग्रेसको विधानले महासमिति सदस्य क्षेत्रिय निर्वाचनबाटै टुङ्गाउने प्रावधान रहेपनि स्याङ्जा क्षेत्र नम्वर २ ले अहिले सम्म महासमिति सदस्य बनाएको छैन।

सभापति खाँणले चुनाब लड्दिन भन्ने उदघोष गरेपछि कार्यकर्ताहरु विच मुखामुख भएको एक काँग्रेसका नेताले बताए। बेला बेलामा नयाँ कुरा दिने खाँणले चुनाव नलड्ने बोलीले कार्यकर्ताहरु चकित परेको समेत उनले बताए। खाँणले गरेको यो उदघोष अरु नेताले पनि सिक्नुपर्ने बताइएको छ। त्याग गर्न पनि सिक्नु पर्छ ति नेताले भने,'खाँणले गरेको यो त्याग अरु नेताका लागि पाठशाला बन्नुपर्छ।' जसले काँग्रेसमा निष्ठा र त्यागको खोजी हुनेछ उनले भने। खाँणले झण्डै २० बर्ष नेपाली काँग्रेसको वालिङ नगर सभापति र नेपाली काँग्रेसको १४ औं महाधिवेसनमा क्षेत्रिय सभापतिमा निर्वाचित भएका थिए। वालिङ नगरको प्रमुख भएका बेला देशभरी चर्चामा रहेका खाँण २०७९ को स्थानीयतहको निर्वाचनमा एमालेका कृष्ण खाँणसगँ नगर प्रमुखमा पराजित भएका थिए।

नेपाली काँग्रेस क्षेत्रिय समितिले आयोजना गरेको संयुक्त बैठकमा क्षेत्र नम्वर २ को प्रदेश (१) र प्रदेश (२) का कार्यसमिति सहित भीरकोट, वालिङ, गल्याङ चापाकोटका नगर समिति र कालीगण्डकी गाउँपालिका कार्य समिति लगायतको सहभागिता रहेको थियो। बिशेष आन्तरिक अभियानका लागि नेपाली काँग्रेस केन्द्रले स्याङ्जाका लागि सिता देवकोटालाई प्रतिनिधिको रुपमा पठाएको थियो भने गण्डकी प्रदेशले सिता गुरुङ्लाई पठाएको थियो। कार्यक्रममा बोल्ने अधिकांश सहभागीहरुले केन्द्रिय नेताहरु नसच्चिए सम्म काँग्रेस बलियो बनाउन नसकिने गुनासो गरेका थिए। नेपाली काँग्रेस स्याङ्जाले केन्द्रिय समितिले दिएको निर्देशन अनुसार बिशेष आन्तरिक अभियान सफल बनाउन आफ्ना मातहतका समितिलाई निर्देशन दिएको छ।

# नौलो घुम्ती नेपालको ६० घण्टे आधारभूत कम्प्युटर तालिम

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन




नौलो घुम्ती नेपालको आयोजना र गुड नेवर्स इन्टरनेशनलको आर्थिक तथा प्राविधिक सहयोगमा आयोजित ६० घण्टे आधारभूत तालिम शनिवार सम्पन्न भएको छ।

समापन समारोहमा बोल्दै कार्यक्रमका संयोजक मनकुमार राईले कम्प्युटरको आधारभूत ज्ञान वर्तमानको अनिवार्य आवश्यकता भएकाले संस्थाले परियोजना सञ्चालन गरेको बताए। नौलो घुम्ती नेपालका अध्यक्ष बद्री विनोद प्रतीकले सिकाइमा कहिल्यै पनि पूर्णता नहुने भएकाले तालिमका सिकेका कुरालाई व्यवहारमा अधिकतम लागू गर्न विद्यार्थीलाई सुझाए।

परियोजनाका बारेमा बताउँदै कार्यक्रम संयोजक महेश विश्वकर्माले नौलो घुम्ती नेपालले ६-७ वर्ष अघिदेखि अध्ययनका लागि विभिन्न शैक्षिक सामग्री सहयोग पाउँदै आधार भूत कम्प्युटर तालिमसम्म आइपुगेको र भविष्यमा पनि यस्तै कार्यक्रम ल्याउने जानकारी दिए। तालिमका सहजकर्ता गण्डकी हाइटेकका प्रशिक्षक असफल गौतमले विद्यार्थी भाइबहिनीका लागि सिक्नका लागि सधैँ ढोका खुला रहेको बताए। सहभागीका तर्फबाट अपिल अधिकारी र समीक्षा विकले आफूहरूले तालिमबाट धेरै सीप आर्जन गरेको र आगामी दिनमा पनि यस्ता तालिमको निरन्तरताकोसमेत अपेक्षा गरेका थिए।

# संघीयता विरोधी शक्तिहरू फेरि पनि मुलुकमा सल्बलाउन थाले : अध्यक्ष यादव

रासस
काठमाडौं, २७ साउन

जनता समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले सङ्घीयता विरोधी शक्तिहरू फेरि पनि मुलुकमा सल्बलाउन थालेको आरोप लगाउनुभएको छ।

बाराको कलैयामा पार्टीले आयोजना गरेको विस्तारित बैठकलाई सम्बोधन गर्दै पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएको यादवले सङ्घीयताका लागि पहलकदमी गर्ने पार्टी खासगरी तत्कालीन मधेसी जनअधिकार फोरम र हाल जनता समाजवादी पार्टीलाई कमजोर पारी मुलुकबाट सङ्घीयता नै समाप्त पार्ने खेल भइरहेको टिप्पणी गर्नुभयो।

उहाँले राज्यबाट आन्दोलनको क्रममा भएका सबैखाले घटना, राजनीतिक मुद्दा फिर्ता लिइसकेको विषयलाई उजागार गरी आफू र जनता समाजवादी पार्टीलाई लक्षित गरी गौर घटना पुनः कोट्याएको आरोप लगाउनुभयो। तराई मधेसमा ५३ प्रतिशत मधेसी समुदायको सङ्ख्या रहे पनि वर्तमान सरकारले १३ प्रतिशतमात्र बजेट दिएर मधेसप्रति अन्याय गरेको भन्दै अध्यक्ष यादवले अधिकारका लागि सबै मधेसी जनता एकजुट हुनुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष यादवले पार्टीलाई मजबुत बनाई नयाँ शिराबाट अगाडि बढाउन टोल-टोलमा सङ्गठन विस्तारको काममा जुट्न नेता एवं कार्यकर्तालाई निर्देशन दिनुभयो। पार्टीका जिल्ला अध्यक्ष रामबाबु यादवको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा मधेस प्रदेशका अध्यक्ष रामबाबुकुमार यादव, राजनीतिक समितिका सदस्य, प्रदेशका पदाधिकारी, जिल्लास्तरीय, क्षेत्रस्तरीय नेताको सहभागिता थियो।

# कम्पनी रजिष्टार, ठूला करदाता र सामाजिक सुरक्षा कोषको कार्यालय पोखरामा स्थापनाको माग

पोखरापत्र संवाददाता
पोखरा, २७ साउन



पोखरा उद्योग वाणिज्य संघले गण्डकी प्रदेशको राजधानी पोखरामा कम्पनी रजिष्टार, सामाजिक सुरक्षा कोष तथा ठूला करदाता कार्यालय कार्यालय स्थापनाको माग गरेको छ।

संघका अध्यक्ष पवनकुमार प्रजापति नेतृत्वको प्रतिनिधिमण्डलले गण्डकीका उद्योग,पर्यटन वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापालाई ज्ञापनपत्र बुझाउँदै ती माग राखेको हो। अध्यक्ष प्रजापतिले यी कार्यालय पोखरामा नहुँदा करदाताले ठूलो सास्ती व्यहोर्न परेको बताए। ज्ञापनपत्र बुझ्दै मन्त्री थापाले निजी क्षेत्रको माग संवोधनको लागि सरकारले पहल गर्ने बताए। अध्यक्ष प्रजापति, वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्य तथा कोषाध्यक्षदीनेशबास्तोलासहितको प्रतिनिधिमण्डलले ज्ञापनपत्रमार्फत् गण्डकी सरकारको बजेट वक्तव्यमा उल्लेखित औद्योगिक क्षेत्र निर्माणको लागि तत्काल पहलकदमी लिन,प्रदेशका लाइफ लाइन मानिएका राजमार्गको स्तरोन्नतिलाई गति दिन, पोखरा अन्तर्राष्टिय विमानस्थलबाट अन्तर ष्ट्रिय उडानको पहल एवं पोखराको प्रचारमा जुटन,वन पैदावारको उचित उपयोगको नीति तत्काल तय गर्न,नयाँ पदयात्रा मार्ग निर्माण तथा पर्यटकीय गन्तव्यको विकासमा यथोचित ध्यान दिन पनि माग गरेको छ। ज्ञापनपत्रमा अर्थतन्त्र सही दिशामा नहिँडेको जिकिर गर्दै असहाय र किंकर्तव्यविमुढको अवस्थाबाट गुज्रिरहेको निजी क्षेत्रलाई उत्साह दिन माग पनि गरिएको छ।

# कञ्चन...

थकालीले आफुलाई पुरस्कृत गरेको भन्दै पत्रकारितामा थप उत्साह मिलेको बताए।

'यो पुरस्कारको महत्व बुझेर नै मलाई प्रदान गर्नुभएको छ। मलाई यो निकै भारी र गह्रुंगो भएको छ, उनले भने, पत्रकारिताका मेरो यो चौथो पुरस्कार हो। सबैभन्दा बढी महत्वपूर्ण मैले यो पत्रकारिता पुरस्कारलाई लिएको छु। यसले मलाई थप हौसला मिलेको छ।' गण्डकी प्रदेशको शिरमा रहेको जिल्लामा पत्रकारिता गर्न सहज नरहेको उनले सुनाए। 'मुस्ताङमा पत्रकारिता गर्न चुनौती नै छ। मैले विगत १० वर्षदेखि पत्रकारिता गर्दै आएको छु। धार्मिक क्षेत्र भएकाले बाहिर ल्याउनुपर्ने इस्युहरुलाई माथि ल्याउन नसक्ने अवस्था छ। किनभने सानो क्षेत्र र सिमित पत्रकार भएकाले पनि निकै जोखिम छ,' उनले भने।

पुरस्कृत हुम बहादुर तमु पोखराबाट प्रकाशित हुने कास्की आवाज दैनिकका प्रधानसम्पादक हुन् भने थकाली अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक र समाधान दैनिकका लागि मुस्ताङका संवाददाता हुन्।


फोनिज गण्डकीका महासचिव धन बहादुर गुरुङका अनुसार पोखराका प्रतिष्ठित व्यवसायी विमलमान गुभाजु र उनका परिवारले आफ्ना स्व. बावुआमा वेदमान गुभाजु र नेत्रकुमारी गुभाजुको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन्। ५ लाख रुपैयाँदेखि सुरु गरिएको यस अक्षयकोषमा गुभाजु परिवारले हरेक वर्ष १ लाख थप गर्दै आएका छन्। यस वर्षपनि १ लाख थप गर्ने घोषणा गरेका छन्। हाल अक्षयकोषमा ९ लाख रुपैयाँ रहेको छ। यो पुरस्कार गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशील २ पत्रकारलाई हरेक वर्ष प्रदान गरिँदै आइएको छ। सो पुरस्कारबाट यसअघि कास्कीका रुद्रबहादुर थापा, शान्ति गुरुङ, उदयबहादुर अमात्य, बागलुङका राजेशचन्द्र राजभण्डारी, नवलपुरका केबी राना र लमजुङका आश गुरुङ पुरस्कृत भइसकेका छन्।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९११४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# बर्षाको वितण्डा

देशका विभिन्न स्थानमा अविरल वर्षाका कारण बाढीपहिरो र डुबानलगायत विपत्तिको सामना गर्नु परिरहेको छ। शनिबारदेखि सोमबारसम्म बर्षाको मात्रा बढ्ने मौसम पुर्वानुमान महाशाखाले जनाएको छ। देशका विभिन्न भागमा बाढीपहिरोमा परेर ज्यान जाने र बेपत्ता भएका पनि छन्। वैशाखयता बाढीपहिरोलगायतका घटनामा परेर १३० जनाको ज्यान गइसकेको छ। ३४ जना बेपत्ता भएका छन्। चार हजार ६३१ घरपरिवार प्रभावित बनेका छन्। पशुधन, खेतबारी र अन्नबालीमा भएको क्षतिको आकलन हुन सकेको छैन। मनसुनको सुरुमै पूर्वी पहाडी क्षेत्रमा हाँडीघोप्टे वर्षाले क्षति भए पनि कृषिकर्मका लागि आवश्यक परेको बेला नियमित वर्षा नहुँदा तराई मधेशलगायत क्षेत्रमा किसानले रोपाइँ गर्न पाएनन्। मधेस प्रदेश सुख्खा क्षेत्र घोषणा गर्न माग गर्दै आएका छनासिँचाइ सुविधा नभएका ठाउँमा रोपो सुक्न थालेको बेलामा दुई दिन अविरल वर्षा हुँदा किसानको मन शीतल त भयो तर बाढी र पहिरोले देशभरकै जनजीवनमा असर परेको छ। प्रभावितको उद्धार, राहत र पुनर्स्थापना अनि अझै सम्भावित जोखिम सामनाको पूर्वतयारीमा सतर्कतासाथ राज्यका सम्पूर्ण संयन्त्र र समुदाय लाग्नुपर्ने भएको छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढी पहिरो र डुवान जस्ता मनसुनजन्य विपत्को चपेटामा मकवानपुर, धनुषा, पाल्पा, चितवन, बागलुङ, म्याग्दी, मुस्ताङ, नुवाकोट, सिन्धुली, कैलाली, कञ्चनपुरलगायत भिमदत्त राजमार्गले सुदुरपश्चिमका पहाडी जिल्लामा खाद्यान्न समस्या परेको छ। तराईका अधिकांश जिल्ला समस्यामा परेका छन्। अझै केही समय नदीको जल सतह बढ्ने, बाढी, भूक्षय तथा हावाहुरी जस्ता प्रकोप हुन सक्ने पूर्वानुमान गरिएको छ। त्यसबाट जनस्वास्थ्य, कृषि, दैनिक जनजीवन, सडक तथा हवाई यातायातमा हुन सक्ने क्षतिबाट बच्न सतर्कता अपनाउनु जरुरी छ। असुरक्षित बस्ती जोगाउन कठिन बनेको छ।

हाम्रो भूगोल र जनजीवन मनसुन आधारित छ। खेती प्रणाली मनसुनमै आधारित छ। खानेपानी, बिजुली निकाल्ने पानीको मूलको आधार नै मनसुन हो। अर्थात् जीवन आधार बनेको मनसुन जीवन लिने प्रकोपको कारणसमेत बन्छ। मनसुनजन्य जोखिमबाट तत्काल सुरक्षित रहनुपर्ने प्रथम कार्य हो तर भविष्यका लागि पनि सुरक्षा सोच लिइहाल्नुपर्ने बुद्धिमत्ता ह यो मनसुनी प्रकोपले नेपालमा मानवीय लापरबाही वा उदासीनताले नै बढी जोखिम निम्त्याउने पुष्टि गरेको छ। काठमाडौँ उपत्यकामा रातभर सामान्य वर्षा हुँदा यहाँका खोलाको बहाव बढेर खोला छेउका बस्ती, सडक र पसल डुबानमा परे। राजधानी, महानगरपालिका, नगरपालिका रहेको काठमाडौँ सहर भनिए पनि यहीँकै बस्ती योजना व्यवस्थित छैन। तीन तहका सरकारी योजना अनि मानव व्यवहार नै नदी र खोलाहरू साँघुरो पार्ने, पुर्ने छन्। पानी स्वाभाविक रूपमा बहने बाटो नपाएपछि घरभित्र पस्यो, डुबायो। दोष पानीको होइन, व्यवस्थाको हो।

वर्षाका कारण मुलुकका अधिकांश ग्रामीण सडक पहिरोका कारण अवरुद्ध छन्। पृथ्वी राजमार्ग, कोशी राजमार्ग, सिद्धार्थ राजमार्ग, कर्णाली राजमार्ग, राप्ती राजमार्ग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग, अरनिको राजमार्गलगायत विभिन्न सडक खण्ड पहिरोको चपेटामा परेका छन्। यातायात रोकिएको छ। यात्रुको सडकमा बास भएको छ। सडकहरू निर्माण, विस्तार र स्तरोन्नतिका क्रममा भूअवस्था ख्याल नगरी उपकरण प्रयोग र डिजाइन गर्दाको परिणाम पहिरोको प्रकोप छ, सडक भासिएका छन्। विकास निर्माणका सिद्धान्त पालना नगरी जथाभावी सडक बनाउने र विस्तार गर्ने प्रवृत्तिका कारण सामान्य वर्षामै ठुलो विपत् सहनु परिरहेकोले अब मापदण्डमा आधारित विकास निर्माण र बस्ती योजना चलाइनु पर्छ। मनसुन प्रारम्भ हुनुको पूर्वघडीमा सरकारले जोखिम न्यूनीकरण र प्रतिकार्यको योजना बनाएको थियो। तर तत्कालीन क्षति कम गर्न, पीडितको उद्धार राहत र पुनर्स्थापनामा नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने स्थानीय सरकारमा बढी जागरुकता अपेक्षित छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाव | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# तीन दिन देशभर वर्षाको सम्भावना

**रासस**
काठमाडौं, १ साउन

मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहेकाले आगामी तीन दिनसम्म देशका धेरैजसो स्थानमा वर्षा हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार मनसुनको न्यून चापीय रेखा नेपाल नजिकसँगै भारतको विहारको उत्तर पश्चिम भू-भाग तथा आसपासमा रहेको न्यून चापीय प्रणालीको पनि प्रभाव रहेकालेआगामी केही दिनसम्म मनसुनको न्यून चापीय रेखा अझै नेपाल नजिक सर्ने सम्भावना छ।

महाशाखाले विशेष मनसुन बुलेटिन जारी गर्दै शनिबारदेखि सोमबारसम्म देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ। साथै, सहरी क्षेत्रमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन तथा सडक तथा हवाई यातायात समेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरिएको छ।

आइतबार पनि देशभर पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुको साथै कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा साथै मधेस र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ। त्यसैगरी साउन २९ गते सोमबार देशभर सामान्यदेखि पूर्णतया बदली रही गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा कोशी, मधेस र बागमती प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुका साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ। कोशी र बागमती प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जारी गरेको विशेष मनसुन बुलेटिनमा उल्लेख छ।

# महिलाको नाममा जग्गा पास गर्ने बढे

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ साउन

गत आर्थिक वर्ष २०७९/८० मा मालपोत कार्यालय तनहुँमा महिलाको नाममा जग्गा पास गर्नेको सङ्ख्या बढेको छ।

गत आवमा कूल दुई हजार आठ सय चौरासी वटा लिखत पारित भएको महिलाका नाममा मात्रै दुई हजार छ सय २८ पास भएको कार्यालयले जनाएको छ।

गत आवमा जग्गा रजिष्ट्रेसन पास वापत रु २४ लाख चौरासी हजार छ सय दुई राजस्वमा छुट दिएको कार्यालयकासुब्बा एवं सूचना अधिकारी टीकाराम शर्मा घोरासाइनेले जानकारीदिनुभयो।महिला,दलित तथा जनजाति, सहिद परिवार, अपाङ्गता भएका, ज्येष्ठ नागरिकको नाममाजग्गा पास गर्दा २५ प्रतिशत र कृषि क्षेत्रमा ५० प्रतिशत छुटको व्यवस्था छ।

ग्रामीण क्षेत्रका महिलाको तुलनामा सहरी महिलाको नाममा जग्गा पास गर्नेको सङ्ख्या दोब्बर बढी रहेको तथ्याङ्कले देखाएको छ। ग्रामीण क्षेत्रका नौ सय सत्तरी र सहरी क्षेत्रका एक हजार नौ सय १४ महिलाले आफ्नो नाममाजग्गा पास गरेको कार्यालयको भनाइ छ।

महिलाका नाममाजग्गा पास गर्दा २५ प्रतिशत राजस्वमा छुट पाउने भएपछि महिलाको नाममा जग्गा पास गर्नेको सङ्ख्या बढ्दै गएको उहाँले बताउनुभयो।मालपोत कार्यालय तनहुँले गत आवमा कूल रु ३० करोड ८४ लाख तीन हजार ५४ राजस्व सङ्कलन गरेको छ। कार्यालयका अनुसार यो अघिल्लो आवको तुलनामा रु १३ करोड ८२ लाख ७४ हजार छ सय दश कम हो। त्यसैगरी आव २०७८/७९ मा चार हजार पाँच सय ४२ लिखत पारित हुँदा रु चार करोड ५५ लाख तीन हजार पाँच सय २५ छुट भएको थियो। सो आवमा रु ४४ करोड ६८ लाख चार हजार छ सय ६४ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख चिरञ्जीवी पौडेलले जानकारी दिनुभयो।

# सूचनाको हकका लागि समुदाय जागरण अभियान

**रासस**
काठमाडौं, २७ साउन

सूचनाको हकका अभियानकर्मी सूचनाको हकका लागि समुदाय जागरण कार्यक्रम गर्न सक्रिय बनेका छन्। गत असार ३१ गते विश्वसम्पदा सूचीमा सूचीकृत बौद्धनाथ क्षेत्रबाट सुरु भएको समुदाय जागरण अभियानको पाँचौं हप्ताको कार्यक्रम आज घट्टेकुलोबाट मैतीदेवी मन्दिरसम्म आयोजना गरियो। फरीसँगै अभियानकर्मी छाता ओढेर समुदाय जागरण अभियानमा सहभागी भएका थिए।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ जिल्ला कार्यसमिति काठमाडौं एवं काठमाडौं उपत्यका प्रदेश समितिको संयुक्त आयोजनामा काठमाडौं महानगरपालिका-२९ घट्टेकुलोबाट सुरु भएको अभियान मैतीदेवी मन्दिर क्षेत्रमा पुगेर समापन गरिएको थियो।

'सूचना माँगौं, भ्रष्टाचारको अन्त्य गरौं' नाराका साथ सुरु भएको प्रभातफेरीमा 'सूचना किन माग्ने ?', 'सूचना कहाँ माग्ने ?', 'कस्ता सूचना माग्ने ?', 'सूचना कसरी माग्ने ?', 'कसलाई माग्ने ?', 'सूचना नदिनेलाई के हुन्छ ?' लगायत नारा लेखिएको पर्चा वितरण गरिएको थियो। सूचनाको हकसम्बन्धी जागरणमूल गीतसहित गरिएको जागरणमा स्थानीयवासीको सक्रिय सहभागिता रहेको महासङ्घ उपत्यका प्रदेश समिति अध्यक्ष ताराबहादुर भण्डारीले जानकारी दिनुभयो। कार्यक्रममा महासङ्घका केन्द्रीय अध्यक्ष उमीद बागचन्दले काठमाडौंका बस्ती बस्तीमा सुरु गरिएको अभियानले सूचनाको हकका विषयमा नागरिकलाई जानकारी दिने काम गरेको बताउनुभयो।

# प्यालियायेटिभ केयर (प्रशामक हेरविचार) सम्बन्धि तिन दिने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

पाेखराकाे हरियोखर्क (जीपीएच) अस्पताल परिसरमा स्वास्थ्यकर्मीहरुलाई प्रशामक हेरविचार प्यालियायेटिभ केयर सम्बन्धि तिन दिने अभिमुखीकरण तालिमको एक कार्यक्रम बीच समापन गरिएको छ।

आइएनएफ नेपाल र ईईमस इन्टरनेश्नलको प्राविधिक सहयोग, नेपाल ईज च्यारिटी युकेको आर्थिक साझेदारीमा कर्मफ्लाइट्स फाउण्डेशन नेपालद्वारा आयोजित तालिममा बाग्लुंग जिल्लाको निसिखोला गाउपालिका अन्तर्गत ८ वटा स्वास्थ्य संस्था र ढोरपाटन नगरपालिका १ स्थित बुर्तिबाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर सहितको १७ र आईएनएफ रुकुम पश्चिमको अस्पतालबाट पनि सहभागी रहेको कार्यशाला तालिम आइएनएफ नेपाल अन्तर्गत सुनिता परियोजना हरियोखर्क अस्पतालका प्यालियेटिभ केयर बिशेषज्ञ टोलीले तालिमको सहजीकरण गरेको थियो। तालिममा स्वास्थ्यकर्मीहरुको उत्साह पूर्व तालिममा सहभागिता रहेकोमा आइएनएफ नेपाल हरियोखर्क अस्पतालका प्यालियेटिभ केयर सर्भिस प्रमुख डा रूथले आयोजक र प्रशिक्षक सबै लाइ धन्यबाद दिदै आगामी दिनमा आ आफ्नो कार्यस्थलमा फर्की आफुले सिकेका र प्रतिबद्दता गरेका कुराहरु बिरामीको दैनिक स्याहार सुसारमा लगाउन प्रेरित गर्नुभयो। प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र प्रदान गर्दै प्रमुख अतिथि हरियोखर्क अस्पतालका मेसु डा सुमन तामाङले आइएनएफ नेपालसंग यस प्रकारको तालिम संचालन गर्न अथक प्रयास गरेकोमा आयोजक र सहभागीहरुलाई धन्यबाद दिदै वहाले रोगको उपचार र रोकथाम तर्फ मात्र लक्षित आधुनिक उपचार पद्दति मात्र पर्याप्त नहुनाले यसमा प्रशामक हेरचाह अत्यावस्यक भएको, हाल बिस्वब्यापी रुपमा खास गरि निम्न आय हुने देशका ७८% बयस्क र ९३% बालबालिका र बिश्वब्यापी रुपमा ४० लाख मानिसलाई यस प्रकारको सेवा आवश्यक पर्ने बताउनुभयो। सुनिता प्रोजेक्टका म्यानेजर डाइरेक्टर बिष्णु गिरीले ७० बर्षको सामाजिक सेवाको इतिहास बोकेको आईएनएफको बुर्तिबाङ्ग भेगसंगआफ्नै पुरानो नाता र इतिहास जोडिएको बताउनुभयो। कार्यक्रममा कर्मफ्लाइट्स फाउण्डेशन नेपालका उपाध्यक्ष शर्मिला शर्माले दूरदराजको रुकुम र बाग्लुङ्ग पश्चिमबाट तालिम प्रशिक्षार्थि, आइएनएफ नेपाल हरियो खर्क अस्पतालका प्यालियातिभ केयर प्रमुख डा रूथ, सुनिता प्रोजेक्टका सम्पूर्ण सहजकर्ता र सदस्यहरु लगायत तालिममा सहयोग गरि सफल बनाउन योगदान दिने सबै सरोकारवालाहरुलाई धन्यबाद ज्ञापन गर्दै तालिमपछि प्रबाह गरिने बिरामीहरु प्रतिको सेवा ब्यबहारमा पक्कै पनि फरकपन आउने र पेशालाइ थप मर्यादित, आत्मसन्तुष्टि र रमाइलो थप्ने कुरामा आफु आशाबादी रहेको बताउनुभयो।प्रशिक्षकहरुकोतर्फबाट अनुभव सुनाउदै बुर्तिबाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रका अस्पताल नर्सिङ्ग निरिक्षक पार्वती अर्यालले यस अघिको प्यलियटिभ केयर सम्बन्धि आफुहरुको बुझाइ क्यान्सर रोगका बिरामीहरुको स्याहार मात्र हो भन्ने भएकोमा तालिम पश्चात यसका आधारभूत शिद्धन्तहरुको बारेमा छलँग भएको र आफुले सिकेका कुराहरुलाई सबै प्रकारका बिरामीहरुको स्याहारसुसार र व्यबहारमा प्रतिबिम्बित हुने गरि काम गर्ने प्रतिबद्दता गर्नुभयो। मृत्यु साश्वत सत्य भएपनि मृत्युलाइ सहज स्वीकार्न नसकेकै कारण असमफदारीका कारण पेसेन्ट पार्टी र स्वास्थ्य कर्मीबीच द्वन्द भै स्वास्थ्य कर्मीलाइ दोष आउने गरेको आफुले अनुभूति गर्दै तालिमले मृत्युलाई सहजरुपमा स्वीकारी असाध्ये बिरामीका अन्तिम ४८ घण्टालाइ आफन्तजन र बिरामीको लागि अविस्मरणीय गराउन आफुहरुले सहजीकरण गर्न सजिलो हुने बताउनु भयो। अर्का प्रशिक्षार्थि निसीखोला गापाका स्वास्थ्य प्रमुख जुनी घर्तीले कर्मफ्लाइट्स संस्थाले गाउँपालिकामै आयोजना गरेको एक दिबशीय तालिमले यस सम्बन्धि थप भोक जगाएको र थप तालिमले थुप्रै जिज्ञासा छलँग भएको बताउनु भयो।

बिश्व स्वास्थ्य संगठनको परोभाषामा प्यालियेटिभ केयर त्यस्तो हेरचाह हो जसमा निको पार्न नसकिने रोग र रोगहरुलागेका ब्यक्ति र परिवारलाइ गुणस्तरिय जिबन जिउन मद्दत गर्नु मात्र नभई व्यक्तिको दुखाई तथा पिडा र समस्याहरुको (शारीरिक, मनोसामाजिक र आत्मिक) समयमा नै पत्ता लगाई त्यसको ब्यबस्थापन गर्नु हो। रोगको उपचार र रोकथाम तर्फ मात्र लक्षित आधुनिक उपचार पद्दति मात्र पर्याप्त नहुनाले यसमा प्रशामक हेरचाह अत्यावस्यक छ किनकि हाल बिस्वब्यापी रुपमा खास गरि निम्न आय हुने देशका ७८% बयस्क र ९३% बालबालिका र बिश्वब्यापी रुपमा ४० लाख मानिसलाई यस प्रकारको सेवा आवश्यक पर्ने २००९ देखि आइएन एफ नेपाल हरियोखर्क अस्पतालमा प्यालिएटिभ केयर सेवाको सुरुवात भएको थियो भने हाल यसका साझेदार र संघ संथाहरुको सहकार्यमा स्वास्थ्यकर्मीहरुलाई यस सम्बन्धि तालिम आयोजना गरिदै आईएको र हरेक बर्ष अक्टोबर १० लाइ विश्व प्यालियेटिभ केयर दिबसको रुपमा मनाउन थालिएको छ।

तालिम संयोजक रेनुका कार्कीले संचालन गर्नुभएको समापन कार्यक्रम कर्मफ्लाइट्सका अध्यक्ष लक्ष्मण बहादुर थापाको सभापतित्वमा सम्पन्न भएको थियो जसमा प्रशिक्षककाे तर्फबाट डा राज कुमार गजमेर, प्यालियातिभ केयर क्लिनिकल संयोजक मञ्जु बिके, कर्मफ्लाइट्सका कार्यक्रम निर्देशक प्रेम ब कुँवर लागयातले सुभकामना मन्तब्य राख्नुभएको थियो।

# तीज गीतमार्फत कृषिका कहर खोतल्दै चन्द्रावती

**रासस**
गण्डकी, २७ साउन

कृषि प्रधान देशमा पछिल्लो समय कृषिप्रतिको बढ्दो अनिच्छाका कारण बर्सेनि परनिर्भरतामा जकडिनुपरेको वास्तविकतालाई गीतकार चन्द्रावती वाग्लेले तीज गीतमार्फत प्रस्तुत गर्नुभएको छ।

समाजका वास्तविकतालाई विभिन्न तीज गीतमार्फत प्रस्तुत गर्दै आउनुभएकी वाग्लेले यस वर्ष 'कृषि प्रधान देश' र 'फेरि पनि आयो तीज मन दुखाउन' शीर्षकका दुई गीति एल्बम सार्वजनिक गर्नुभएको छ।

"कृषि प्रधान देश हाम्रो खेतबारी बाँझै छन्।
कति दुःख गरियो याद ताजै छन्॥"

गीतबाट सुरु उहाँको 'कृषि प्रधान देश' गीति एल्बममा कृषि पेसाप्रतिको अनिच्छाले हामीलाई बर्सेनि परनिर्भरतातर्फ डोऱ्याएको उल्लेख गरिएको छ।

परम्परागत कृषि प्रणाली तथा उपकरण पछिल्ला पुस्ताका लागि नौला बन्दै गएकाले यी सामानलाई चिनाउनका लागि सङ्ग्रहालयमा राख्नुपर्ने अवस्था आएको भन्दै गीतमा

"हलो जुवा स्याखु खत्री नामै नौला भैसके।
म्युजियमा राख्नुपर्ने बेला आइसके॥" भनिएको छ।

रोपाइँ गर्न भ्याइनभ्याइ हुने गरेको विगतको अवस्था र अहिले रोपाइँ महोत्सवका रुपमा मनाउने गरिएको विषयलाई गीतमा समेट्दै,

"बासी हिलो रोप्न जान्थेम आँखा मिच्दै निन्द्रैमा।
अहिले ठूलै नाटक हुन्छ असार पन्ध्रमा॥
मन्त्री आउँछन् झण्डा हल्लाई असार पन्ध्र मनाउन।
गमलामा धान रोपी किसान जनाउन॥" उल्लेख गरिएको छ।

किसानले खेती गर्न समयमा पर्याप्त मल, बीउ नपाउने गरेको कुरा खोतल्दै गीतकार वाग्लेले

"किसानले खेती गर्दा मल बीउ नपाउने।
सरकारको बजेट आउँछ बाँदर धपाउने॥" भन्नुभएको छ।

वाग्लेले कोही कसैलाई दोश मात्रै दिएर नभै समाज र राष्ट्र निर्माणमा सबै आआफ्ना तर्फबाट जुट्नुपर्नेमा जोड दिनुभएको छ। हाम्रा संस्कार र संस्कृति बिगार्ने छुट कोही कसैलाई नभएको पनि उहाँका गीतमार्फत सन्देश दिन खोजिएको छ। खुसानी गोलभैँडामा परनिर्भर रहनुपर्ने अवस्थालाई चित्रण गर्दै गीतमा सक्षम युवा जन्मनुपर्ने आवश्यकता औँल्याइएको छ।

गीतकार वाग्लेले यसै वर्ष अर्को 'फेरी पनि तीज आयो मन दुखाउन' शीर्षकको गीति एल्बम बजारमा ल्याउनुभएको छ।

"गारो हुने मनका पीडा परेलीमा लुकाउन।
फेरी पनि आयो तीज मन दुःखाउन॥"

उक्त टुक्काबाट सुरु गरिएको गीति एल्बममा समसामयिक विषयका साथै चेलीहरुका पीडा, व्यथा र वेदना समेटिएका गीत छन्। आफन्तको वियोग तथा आमा नहुनेले तीजमा महसुस गर्ने पीडालाई गीतमा देखाइएको वाग्लेले बताउनुभयो। उहाँका अनुसार दुवै गीति एल्बम नमस्ते पोखरा स्टुडियोमा रेकर्ड भएका हुन्। गीतलाई नमस्ते पोखराको युट्युब च्यानलबाट पनि हेर्न सकिन्छ।

गीतको निर्देशन छवि सुवेदीले गर्नुभएको छ भने छायाङ्कन तथा सम्पादन सुपरस्टार स्टुडियोका निर्देशक शिवराज भूर्तेलले गर्नुभएको हो। छायाङ्कनमा नेवा खलः कास्की र नेवा मिसा पुच्च पोखरा-३ ले सहयोग गरेका छन्। पहिलोपटक विसं २०७४ मा 'आइन छोरी' गीत सार्वजनिक गर्नुभएकी गीतकार वाग्लेले त्यस बीचमा नरोए आमा, जागिरे नारीको पीडा-भाग एक, गरिन गुनासो, जागिरे नारी-भाग दुई, शहरको सुविधा र म, दर्जा बेरोजगारको, आउ सङ्गी रमाइलो गरौं बरिलै, रमाइलो माइतीमा, जङ्याहा पोइ, शून्य छ जन्मेको घर बरिलैलगायत गीत सार्वजनिक गरिसक्नुभएको छ।

# गीतबाट आमाबुबाको हेरचाह गर्न सन्देश

-हरिप्रसाद बास्तोला
पोखरा, २७ साउन (रासस)

"आमा बाबुलाई नगर हेला
तिम्रो पनि आउछ दिन त्यही वेला ।
छोरा पायो अर्कालाई सुख्ख,
जन्मदिने बाआमा भन दुःख ॥
धान भुलेको छ ,कहाँ जाम कहाँ जाम भई रछ मन डुलेको छ ।"

पोखरा महानगरपालिका वडा नं. १७ म्यूजियममार्गमा भेटिएका विरबहादुर गन्दर्भ सारङ्गीको धुनमा जन्मदिने आमा बुवालाई माया र स्नेह दिनु पर्दछ भन्ने घरदैलोमा पुगेर प्रस्तुत गरेको सन्देश मुलक गित हो यो ।

सन्तानबाट जन्मदिने बुवाआमालाई उमेरको उत्तरार्धमा जति माया दिनु पर्ने हो त्यति नपुगेको समाजको परिदृष्यलाई चरितार्थ गर्दै सारङ्गी धुनमा हृदयविदारक गित गाउँनु यतिखेर उनको दैनिकी बनेको छ ।

अहिले आमाबुबालाई हेला गर्दा त्यो अवस्था भोलि आफ्नो पनि भोग्नु पर्छ भनेर भुल्न नहुने, जन्मदाता आमाबुबालाई खुशी



राखेर आशिर्वाद लिनुपर्ने जस्ता लय सहितको सारङ्गी धुन सुन्दा जो कोही को पनि आँखा रसाउने गर्दछन् ।

पछिल्लो समय ६१ बर्षीय गन्दर्भले समाजका विकृति र विसंगतीका विरुद्धमा सारङ्गी बजाउँदै गित गाउने आफ्नो पुख्यौली पेशामार्फत समाजलाई सचेत गराउँदै जिविकोपार्जनको आधार बनाउँदै आउनु भएको छ। पोखरा ३२ तल्लो गगनगौडामा वस्दै आउनुभएका ट्वाक्क कान नसुन्ने र तोते वोली भएका विरबहादुरले भन्नुभयो, माइला दाजु ठाकुर गायकले दिनुभएको सारङ्गी यतिखेर जीविकोपार्जनको साधन बनेको छ । सारङ्गी विशेष गरि पहिला खिर्राको काठको बनाउने भएपनि दाजुले दिएको भने बकाईनोको भएको उहाँले बताउनुभयो ।

सारङ्गी रेटदै गित गाउँनु जिवन धान्ने पेशा नै बन्दै आएको बताउँदै उहाँले थप्नुभयो, "एक बर्ष अघिदेखि सरकारले दिने सामाजिक सुरक्षा भत्ता अन्तर्गत मासिक तीन हजार पाउने गरेको छु ।" श्रीमती, तीन छोरी सहित पाँचजनाको परिवारलाई शिक्षा दिक्षा र पालनपोषणको गर्जो टार्दै आएको छोरीहरु कक्षा १२ र ११ र ९ कक्षामा पढ्दै छन् ।

हिउँदको समयमा नजिकैको खोलाको खानीमा ढुङ्गा, बालुवा र गिटी निकाल्ने मजदुरी काम गर्ने गरेको बताउँदै उहाँले भन्नुभयो, बर्षा लागेपछि खोलाको काम बन्द भयो सारङ्गी बोकेर पोखरातर्फ लाग्ने गरेको छु। घरको ढोकामा पुगेर गितगाउँछु सहयोगी मनहरुले स्वस्फुर्त दिएको सहयोग लिएर गितबाट आर्शिवाद दिने गरेको उहाँको भनाई छ। दिन भरी घरघरमा पुगेर सारङ्गीको धुनमा गित सुनाउँदा कहिले दुई हजार ५०० सम्म हुने गरेको बताउँदै उहाले कस्तै भएन भन्दा पनि एक हजार नघटेको जानकारी दिनुभयो् । घरदैलोमा जाँदा पनि सजिलो त छैन, कहि मानिस हुँदैनन् भने कही त कुकुरले गेटमा हेर्नपनि नदिने गरेको उहाँको दुखेसो छ ।

अर्काको घरमा गोठो वसेर जिविकोपार्जन गर्दै आएको गन्दर्भ भन्नु हुन्छ " घरभेटीले झ्याक्री बोलाएर एउटा कुखुराको भालले पुजा गरेपछि ३८ बर्षको उमेर पहिलो पटक मुख बोल्न पाउँदा अन्यन्तै खुशीको क्षण भएको राससलाई सुनाउनुभयो ।" विहान सबेरै खाना खाएपछि सारङ्गी बोकेर घरबाट निस्कने र झमक्क साझ परेपछि घर फर्कने उहाँको दैनिकी बनेको छ ।

पोखरा महानगकाका अधिकाशं वडामा पहेलो पहिरनमा माम्नेको विगविगिनै रहेको वर्तमान अवस्थामा सारङ्गीको धुनमा कला प्रस्तुत गरेर उनलाई धेरै थोरै आर्थिक सहयोग गर्न पाउँदा स्थानीय वासिन्दाले खुशी व्यक्त गरेका छन् ।

# तरकारी बेचेर आत्मनिर्भर बन्दै महिला

पोखरापत्र संवाददाता
म्याग्दी, २७ साउन

म्याग्दीको बेनी नगरपालिका–२ खबराको ५४ वर्षीया पवित्रा कार्कीको दैनिकी दुई किलोमिटरको दूरी पार गर्दै आफ्नै बारीमा फलेको तरकारी लिएर बेनी बजारमा बेच्नमै व्यस्त हुन्छ ।

प्रत्येक साँझ बारीमा फलेको तरकारी टिपेर घरको छानामाथि शीतमा राख्ने र भोलिपल्ट बिहानै ती तरकारीलाई डोकोमा बोकेर बजारसम्म पुऱ्याएर बिक्री गर्ने उहाँको दैनिकी नै बनेको छ ।

उहाँले मौसमअनुसार तरकारी खेती गर्नुभएको छ । दैनिक कति किलो तरकारी बिक्री हुन्छ यसको कुनै हिसाब नै छैन उहाँसँग । "आफ्नै बारीमा फलाएको तरकारीको के हिसाब राख्नु र ? बारीबाट टिप्यो, डोकोमा हाल्यो, भोलिपल्ट बिहानै बजार ल्यायो, बेच्यो, सिद्धियो", कार्कीले भन्नुभयो, "अन्तबाट खरिद गरेर बेच्ने भए पो यति किलो खरिद गरेँ भन्ने हिसाब हुन्छ । यी सबै आफ्नै बारीमा फलाइएका हुन् ।"

कार्कीले १० वर्षदेखि यसैगरी डोकोमा बोकेर तरकारी बेच्दै आउनुभएको छ । बेनी बजारमा उहाँलाई 'तरकारी आमै' भनेर चिन्ने र बोलाउने गरेका अनुभव सुनाउनुभयो । प्रत्येक बिहान बेनी बजारका घरघरमा तरकारी पुऱ्याउने कार्कीले दैनिक एक डोका तरकारी बिक्री गरेर रू दुई हजारदेखि रू तीन हजारसम्म कमाउनेगरेकोबताउनुभयो।उहाँका अनुसार गत जेठदेखि साउनको तेस्रो सातासम्म बर्खे तरकारी बेचेर रू दुई लाख बढी कमाइ भएको छ ।

मौसम अनुसारका तरकारी बढी बिक्री गरे पनि साग र धनियाँ भने कहिल्यै नछुट्ने कार्कीले बताउनुभयो । "दैनिक थोरै भनेको रू दुई हजार आम्दानी हुन्छ । प्रायः तीन हजार पाँचसयसम्म भइहन्छ । बर्खे तरकारी बेचेर रू दुई लाख ६५ हजार कमाएछु", उहाँले भन्नुभयो ।

तरकारीबाट कमाएको पैसाले कार्कीले म्याग्दीको पर्यटकीय स्थल लभ्लीहिलमा चारतले पक्की घर बनाउनुभएको छ । कार्कीका पति चन्द्रबहादुर र छोरा नारायणले गाउँमा नै तरकारी खेती गर्नुहुन्छ । "चन्द्रबहादुर जिल्लाकै अगुवा कृषक हुनुहुन्छ । कार्कीले भैँ आफ्नै बारीमा फलेको तरकारी बेचेर विगत पाँच वर्षदेखि घर चलाउँदै आउनुभएको छ मंगला गाउँपालिकाकी चन्द्रमाया सापकोटाले पनि । ३८ वर्षीया सापकोटाको दैनिक रू सात सयदेखि एक हजारसम्म आम्दानी हुने गर्दछ । उहाँले बर्खे बालीभन्दा हिउँदे बालीबाट बढी आम्दानी गर्ने गरेको बताउनुभयो ।

"हिजोआजको समयमा फलेको तरकारीबाट भन्दा हिउँदे बाली चना, केराउ, साग, जाँतोमा पिसेको दाल र अन्य गेडागुडीबाट मैले दिनको रू एक हजार पाँच सयसम्म आम्दानी गरेको छु", उहाँले भन्नुभयो ।

कार्की र सापकोटा जस्ते जिल्लाका धेरै महिला पछिल्लो समय तरकारी खेतीबाट आत्मनिर्भर बन्दै गएका छन् । जिल्लाका कृषकले अहिले गोलभेँडा प्रतिकिलो रू एक सय ५० सम्ममा बिक्री गर्दै आएका छन् ।

वर्षाको समयमा यहाँका किसानले आलु, प्याज, बर्खे खुर्सानी, भेन्टा रायोको सागलगायत हरियो तरकारी बेच्ने गर्दछन् । साथीले गरेको देखेर आफूले पनि सकिँदो रहेछ भनेर तरकारी खेती सुरु गरेको स्थानीय अप्सरा धिमिरेले बताउनुभयो । बारीमा फलेको तरकारीलाई नजिकको बजारसम्म ल्याएर बेच्न सुरुसुरुमा लाज लागेको भन्दै उहाँले अहिले त उमेरले साथ दिएसम्म यही व्यापार गर्ने बतानुभयो ।

"बजारका घरघरमा डुलाएर बेच्न मलाई पहिला त लाज लागेको थियो । अहिले आफ्नो पेसा/व्यापार हो भन्ने बुझेको छु। अब सकुन्जेल यही काम गर्ने हो", अप्सराले भन्नुभयो । उहाँका अनुसार बेनी बजारमा प्रत्येक बिहान अर्ग्यानिक तरकारी किन्ने ग्राहकको भीड देख्न सकिन्छ । प्रायः 'मर्निङ वाक' गर्नेले तरकारी किनेर लैजाने गर्दछन् ।

# पाँच दिनका लागिबेनी–जोमसोम–कोरला सडकखण्ड पूर्णरुपमा बन्द

रासस
म्याग्दी, २७ साउन

म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ बैसरीमा पहिरो रोकथाम गर्न कालीगण्डकी कोरिडोर (बेनी–जोमसोम–कोरला) सडकखण्डपाँच दिनका लागि पूर्णरुपमा बन्द गरिने भएको छ ।

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम–कोरला सडकखण्डअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिकाको राहुघाट–तातोपानी खण्डमा कालोपत्र भइरहेकालेबैसरीमा चट्टान काटी सडक चौडा तथा सडकमा कङ्क्रिट गरी सकिएको स्थानमा माथिबाट पहिरो जाने क्रम सुरु भएकाले सडक बन्द गर्न लागिएको हो । उक्त सडकमा ढुङ्गा खस्ने समस्याको स्थायी निराकरणका लागि साउन २८ गतेआइतबारदेखि साउन ३२ गते बिहीबारसम्म पाँच दिनका लागि सडकखण्ड पूर्णरुपमा बन्द गर्न लागिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी धीरेन्द्रराज पन्तले बैसरीको सडकमा खस्ने पहिरोको स्रोतसम्म डोजर लगेर रोकथामको काम गर्नका लागि सो अवधिका लागि घुमाउने ताल–बेगखोला खण्डमा पूर्णरुपमा यातायात बन्द गर्न लागिएको जानकारी दिनुभयो ।

दैनिक जसो सडक आवागमन अवरुद्ध हुने गरेको र धनजनको समेत क्षति हुने सम्भावना रहेको हुनाले पहिरो सुरु हुने स्थानमा एस्काभेटर पुऱ्याई पहिरो नियन्त्रण गर्नुपर्ने देखिएको तथा पहिरो सुरु हुने स्थानबाटै पहिरो नियन्त्रण गरी समस्याको स्थायी निराकण गर्ने काम भइरहेकाले उक्त सडकखण्ड सो अवधिमा बन्द हुने जारी सूचनामा उल्लेख छ । जिल्ला प्रशासन कार्यालय म्याग्दीले कालीगण्डकी करिडोरको चमेरे–बेगखोला सडकखण्डमा चल्ने हलुका सवारी साधानहरूले सो समयमा चमेरे–राखु/पिप्ले बेगखोला सडकखण्डको बैकल्पिक कच्ची मार्ग प्रयोग गर्न समेत अनुरोध गरेको छ । "बैकल्पिक कच्ची मार्ग 'सिङ्गल ट्र्याक'को भएको हुँदा बेगखोलाबाट चमेरेतर्फ (मुस्ताङबाट बेनी आउने हलुका सवारी साधन) आउने र चमेरेबाट बेगखोलातर्फ (बेनीबाट मुस्ताङतर्फ जाने हलुका सवारी साधन) जाने सवारी साधनले आलोपालो गरेर आवातजावत हुने व्यवस्था गरिएकाले स्थानीय सुरक्षाकर्मीको समन्वयमा मात्रै सो बैकल्पिक मार्ग प्रयोग गरिदिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ", जारी सूचनामा भनिएको छ । बैसरीको पहिरोले गत आइतबारदेखि सडक अवरुद्ध हुँदा म्याग्दीको रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका र मुस्ताङका बासिन्दाका साथै पर्यटक र तीर्थयात्रीलाई आवतजावत गर्न समस्या भएको छ । बेनीदेखि पोखरेबगरतर्फ जाँदै गरेको ग१ज ६८२० नम्बरको जीप गुडिरहेको अवस्थामा बुधबार साँझ बैसरीमा पहिरो खसेर चालक अन्नपूर्ण गाउँपालिका–७ महभिरका ४० वर्षीय लुकजन शेरपुजा घाइते हुनुभएको थियो ।

पहिरोले पुरेको जीप अझै निकालिएको छैन भने सवारी धनीसमेत रहेका शेरपुञ्जाको पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । जिल्ला प्रशासन कार्यालयले केही दिनअघि सूचना जारी गरेर बेनी–जोमसोम सडकको पहिरोबाटबढीप्रभावित राहुघाट–भुरुङ तातोपानी खण्डमा रातको समयमा यात्रा नगर्न अनुरोध गरेको थियो ।

"सडकमा ढुङ्गा खस्ने समस्याको कारण दैनिकजसो यातायात अवरुद्ध हुनुका साथै सवारी साधन र यात्रुलाई चोटपटक लाग्ने र पुरिने जोखिम छ", बेनी–जोमसोम–कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले भन्नुभयो, "पहिरो सुरु हुने स्थानबाटै दीर्घकालीन समाधानको काम गर्दैछौँ ।"

बैसरी खण्डको विकल्पमा जीप, मोटरसाइकल र ट्र्याक्टरलाई घुमाउनेताल–पिप्ले–रानीपौवा–रिसिनचौतारी–माझखर्क–बेगखोला जोड्ने वैकल्पिक सडक एकतर्फीरुपमा प्रयोग गर्ने व्यवस्था मिलाएको प्रशासनले शुक्रबार जारी गरेको सूचनामा उल्लेख छ । कच्ची र साँघुरो वैकल्पिक सडकमा बेगखोलाबाट घुमाउनेतालतर्फ र घुमाउनेतालबाट बेगखोलातर्फ जाने आउने सवारी साधनलाई सुरक्षाकर्मीको समन्वयमा आलोपालो गरेर यातायात सञ्चालन गर्ने व्यवस्था मिलाइएको प्रशासनले जनाएको छ । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीको निर्देशनमा पूर्वाधार विकास कार्यालय म्याग्दीले शुक्रबारदेखि घुमाउनेताल–बेगखोला वैकल्पिक मार्गको मर्मतको काम सुरु गरेको छ । डोजर, ब्याकुहोलोडर, ट्र्याक्टर र मजदुर परिचालन गरेर हिलो पन्छाउने, ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने, खोलामा ह्युम पाइप राख्ने काम सुरु भएको कार्यालयका सव इन्जिनियर रविन चोखालले जानकारी दिनुभयो ।

मुख्य सडक बन्द भएपछि सवारी साधनको चाप बढेको वैकल्पिक सडकमा आवतजावतलाई सुरक्षित र व्यवस्थित बनाउन मन्त्रालय, प्रशासन, बेनी–जोमसोम–कोरला सडक आयोजना र रघुगङ्गा गाउँपालिकासँग समन्वय गरेर मर्मत गर्न लागिएको गण्डकी प्रदेशसभा सदस्य हरि भण्डारीले बताउनुभयो । हिलोमा ग्राभेल बिछ्याउने र गाडी क्रस हुने ठाउँ बनाउने काम थालिएको छ ।

# अझै खुलेन कालीगण्डकी करिडोर

पोखरापत्र संवाददाता
बागलुङ, २७ साउन

भारी वर्षासँगै भरेको पहिराका कारण राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर पुनःअवरुद्ध भएको छ । आयोजानको बागलुङ–कुश्मीसेरा खण्डअन्तर्गत बागलुङ नगरपालिका–१० दब्ल्याङमा सडकमाथिबाट भरेको पहिराले करिडोर अवरुद्ध बनाएको हो ।

शुक्रबार दिउँसो करिब २० घन्टापछि सञ्चालनमा आएको उक्त सडक गएराति १२ बजेदेखि पुनःअवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरिक्षक मदन केसीले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले पनि भारी वर्षा भइरहेकाले सडक खुलाउन समस्या भइरहेको छ ।

वर्षा रोकिएपछि सडक सञ्चालनका लागि पहल गरिने प्रहरी नायब उपरिक्षक केसीले बताउनुभयो । उहाँका अनुसार सडक अवरुद्ध हुँदा कालीगण्डकी करिडोरमा चल्ने जिल्लाको दक्षिणको जैमिनी, बलेवा र बरेङ क्षेत्रका सवारीसाधन ठप्प भएका छन् ।

दिनदिनै सडक अवरुद्ध हुन थालेपछि दक्षिण क्षेत्रमा सामान ढुवानी गर्न तथा आवागमनमा समस्या भइरहेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो । "पहिरोले निकै दुःख दिइरहेको छ। करिडोरमा पहिरो खस्दा बागलुङ र जैमिनी नगरपालिका तथा बरेङ गाउँपालिका भएर दैनिक यात्रा गर्ने हजारौं नागरिक प्रभावित बनेका छन्", उहाँले भन्नुभयो, "यसको दीर्घकालीन समाधानका लागि प्रदेश सरकारसँग छलफल गरेका छौं । काम सुरु भएको छैन ।" पहिराले करिडोरका साथै वैकल्पिक सडकलाई पनि क्षति पुऱ्याएको छ ।

# पर्यटन ऐन छिट्टै ल्याइन्छ : मन्त्री किराती

रासस
काठमाडौं, २७ साउन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले पर्यटन ऐन छिट्टै ल्याइने बताउनुभएको छ । भोजपुर–पौवाडुङमा सेवा समाज काठमाडौँद्वारा आज आयोजित 'भोजपुरको समग्र हितका लागि काठमाडौँमा रहेका सङ्घ–संस्थाहरुको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले मुलुकको समग्र पर्यटन विकासका लागि समयसापेक्ष पर्यटन ऐन ल्याइने जानकारी दिनुभयो ।

सरकारले पर्यटनको विकास गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न र पर्यटकीय लाभ अभिवृद्धि एवं पर्यटकलाई अत्यावश्यक सुविधा उपलब्ध गराउने उद्देश्यले २०३५ सालमा पर्यटन ऐन ल्याएको थियो । यस क्षेत्रका विज्ञ एवं जानकारहरुले पुरानो पर्यटन ऐनका कारण पर्यटन क्षेत्रको विकास प्रभावकारी हुन नसकेको गुनासो गर्दै आएका छन् । पर्यटन मन्त्रालयले पनि विभिन्न समयमा पर्यटन ऐनको मस्यौदा तयार गरेर चरणबद्ध छलफल गर्दै आएको थियो ।

पर्यटनमन्त्री किरातीले विज्ञ सरोकारवालाको राय सुझाव लिएर पर्यटन ऐन बनाइने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "पर्यटन क्षेत्रको समयसापेक्ष विकासका लागि पर्यटन ऐन बनाउँदैछौँ, आइतबारदेखि एक महिने सुझाव लिएर पर्यटन ऐन बनाउनेतिर लाग्छु ।" पर्यटनमन्त्री किरातीले देशको विद्यमान विकासको ढाँचा परिवर्तन नगरेसम्म मुलुकको सन्तुलित विकास नहुने बताउनुभयो। उहाँले प्राकृतिक र सांस्कृतिक रुपमा समृद्ध रहेको भोजपुरको इतिहास र समग्र विकासलाई केन्द्रविन्दुमा राखेर विकासको ढाँचा बनाइनुपर्ने तथा त्यसलाई देश विकासको नयाँ ढाँचाको रुपमा स्थापित गर्नसकिने दाबी गर्नुभयो । भोजपुरको टक्सारको संरक्षण, सांस्कृतिक गाउँ, सङ्ग्रहालयको अवधारणा अघि सारिएको र यसका लागि सबैको सहयोग तथा सहकार्य चाहिने उहाँको भनाइ थियो । कार्यक्रममा पूर्वमन्त्री एवं साहित्यकार शङ्करप्रसाद कोइरालाले गौरवशाली इतिहास बोकेको अथाह सम्भावनायुक्त भोजपुरको भविष्य राम्रो रहेको उल्लेख गर्नुभयो । भौतिक प्रगतिका हिसाबले केही पछि परे पनि शैक्षिक उन्नयनमा भोजपुर अग्र स्थानमा रहेको उहाँले उल्लेख गर्नुभयो।शिक्षा, पर्यटन, कृषि, खेलकुद आदि क्षेत्रमा भोजपुर देशकै नमूना जिल्ला बन्न सक्ने भएकाले सबै सरोकारवालाले जिल्लाको विकासमा ध्यान दिनुपर्ने कोइरालाले खाँचो औँल्याउनुभयो । पूर्वमन्त्री हेमराज राईले भोजपुरको सम्भावनालाई विकास र समृद्धिमसित जोड्न सबै क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो । पूर्वमन्त्री टङ्क ढकालले भोजपुरको समग्र विकासका लागि रणनीतिक ढङ्गले लाग्नुपर्ने बताउनुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले भोजपुरको इतिहासलाई केन्द्रमा राखेर विकासमा सबैसरोकारवालालेध्यानदिनजरुरीभएको बताउनुभयो । नेकपा (माओवादी केन्द्र) भोजपुरका संयोजक नगेन्द्र भुजेल, नेकपा (एमाले) का केन्द्रीय सदस्य परशुराम अधिकारीलगायतले भोजपुरको विकासका लागि सबै सक्रिय ढङ्गले जुट्नुपर्ने औँल्याउनुभयो ।

# गोरखामा फेला परेको अजिङ्गर सुरक्षित बासस्थानमा छोडियो

पोखरापत्र संवाददाता
गोरखा, २७ साउन

गोरखाको गण्डकी गाउँपालिका–६,भुम्लिचोकस्थित पल्लोटारमा फेला परेको अजिङ्गर आज चितवनमा लगेर सुरक्षित बासस्थानमा छोडिएको छ ।

सब–डिभिजन वन कार्यालय सिउरेनीटारका प्रमुख वन अधिकृत रविआनन्द गोपाली सहितको वन कार्यालयका कर्मचारीको टोली चितवनस्थित राष्ट्रिय प्राकृतिक संरक्षण कोषमा लगेर छोडेको हो ।

फेला पारिएको क्षेत्रमा सुरक्षित बासस्थान नभेटिएपछि चितवनमा लगेर सुरक्षित बासस्थानमा छोडिएको वन अधिकृत गोपालीले जानकारी दिनुभयो।गण्डकीगाउँपालिकाको भुम्लिचोक र चितवनको इच्छाकामना गाउँपालिका फिस्लिङ जोड्ने नयाँ बनेको मोटरेबल पुल नजिकै शुक्रबार गोरखा तर्फको कच्ची सडकमा अजिङ्गर फेला परेको थियो । तीनवटा घिस्रने जनावर मध्येमा उद्धार गरिएको अजिङ्गर एक प्रजातिको भएको वनअधिकृत गोपालीले बताउनुभयो । अजिङ्गर संरक्षित प्रजतिको घस्रने जनावरअन्तर्गत हो । अजिङ्गरलाई उद्धार गरी गएराति भने सब–डिभिजन कार्यालय सिउरेनीटारमा नै राखिएको थियो । फेला परेको अजिङ्गर रैथाने हो वा बाढीले बगाएर ल्याएको भन्ने बारेमा यकिन गर्न कठिन भएको उहाँले बताउनुभयो । वन अधिकृत गोपाली र वनरक्षक अम्बिका शर्माले लौरो र बोराको सहायताले फेला परेको अजिङ्गरको उद्धार गर्नुभएको हो । स्थानीयवासीले पहिलो पटक आफूले त्यस क्षेत्रमा अजिङ्गर फेला परेको बताएका छन् ।